नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा
(निर्वाचन सेल)

फोन नं. ०१०-५४०१३१
हटलाईनः ०१०-५४००१९(२४सैं घण्टा)
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः daorasuwa.moha.gov.np
Google+ code: 476K+J6
Google Plus: 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०७९।०८०
चलानी नं :-

# सूचना

मिति २०७९ मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणबाट सम्पन्न गर्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अनुसार तपसिल बमोजिम सवारी सचालनको अनुमति प्रदान हुने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**अनुमतिपत्र लिनु नपर्ने सवारी साधन**

१.बिरामी बोकेको एम्बुलेन्स, खानेपानीको टापर, दुध बोक्ने सवारी साधन, दमकल, शव वाहन, दूरसञ्चार तथा केबल र पशुपन्छी/मत्सय उपचारका क्रममा प्रयोग भएका सवारी साधन ।

२.सूचना तथा प्रसारण विभाग वा प्रदेश सरकार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास वा प्रचलित कानून बमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चार गृहबाट जारी परिचय-पत्र वाहक सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन ।

३.अस्पतालमा कार्यरत परिचय-पत्र प्राप्त चिकिंत्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधन ।

४.निर्वाचन आयोगबाट जारी परिचय-पत्र वाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन ।

५.फोहोरमैला ओसारपसार गर्ने सवारी साधन, तरकारी, फलफूल तथा विद्युत सेवाका लागि प्रयोग हुने सवारी साधन ।

६.कूटनीतिक नियोग, यू.एन. एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थाहरुमा कार्यरत पदाधिकारी एवम् कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन ।

७.विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधन, सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन ।

८.आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधन।

**मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयबाट अनुमती लिनुपर्ने सवारी साधन**

१.उम्मेद्वार वा उम्मेद्वारको एक जना प्रतिनिधिले प्रयोग गर्ने सवारी साधन ।

२.मापदण्डको बुदा नं. ६ बमोजिम आफै हिडडुल गर्न नसक्ने व्यक्तिका लागि आवश्यक सवारी।

**जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनुपर्ने सवारी साधनहरु:**

१.नेपाल नागरिक उड्डयन प्राधिकरण र उडानसँग सम्बन्धित बायुसेवा कम्पनिले प्रयोग गर्ने सवारी साधनहरु ।

२.निर्वाचन आयोग वाहेक संबैधानिक निकायहरु तथा संवैधानिक निकायको प्रदेशिक एवम् जिल्लास्थित कार्यालयहरुले प्रयोग गर्ने सवारी साधन।

मितिः-२०७९।०८।०१

२०७९।०८।०१

दयाराम पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी